**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❏ वर्ष २६ ❏ अङ्क १९० ❏ श्रेणी क्षेत्रीय 'क' ❏ २०८२ साउन ६ गते मंगलबार ❏ 22 July 2025 ❏ पृष्ठ ४ ❏ मूल्य रू. ५।-

## कांग्रेस प्रदेश समितिद्वारा नेता कृष्ण केसी लगायतको कारबाही फुकुवा गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

स्वाभिमानि इमान्दार, कर्तव्यनिष्ठ र विकासप्रेमी नेताको रुपमा जनतामा आफ्नो पहिचान बनाएका नेपाली कांग्रेसका नेता कृष्ण केसी लगायत नेताहरुमाथि भएको कारबाहीप्रति कांग्रेसका नेता तथा कार्यकर्ताले निःसर्त फुकुवाको माग गरिरहेका छन् ।

कांग्रेस अनुशासन आयोगले गरेको कारबाही विरुद्ध कांग्रेसका उच्च नेता, कार्यकर्ता र भातृ संगठनका पदाधिकारीले कारबाही अनुपयुक्त, विरोधाभास, व्यक्ति केन्द्रीत र राजनीतिक प्रतिशोधको रुपमा आएको भन्दै उनीहरुले तुरुन्त बिनासर्त फुकुवा गर्न माग गरेका हुन् ।

यसैबीच, नेपाली कांग्रेस प्रदेश सभा, क्षेत्रीय कार्यसमितिको कार्यालय क्षेत्र नं १ ख कास्कीको पूर्ण बैठकले निर्णय गर्दै कांग्रेस केन्द्रीय अनुशासन समितिका संयोजकलाई अनुशासनको कारबाही पुनरावलोकन खारेज सम्बन्धमा पत्र लेख्दै कारबाहीप्रति गम्भिर आपत्ति प्रकट गरिएको छ।

सभापति कृष्णप्रसाद कोईराला, समितका पदाधिकार ीसहित २८ जनाले लिखित रुपमा सो आपत्ति जनाउदै कारबाही पूर्णतः अन्यायपूर्ण, पूर्वाग्रही र गुटको प्रभावमा आधारित भएकोले गम्भिर आपत्ति प्रकट गरिएको जनाईएको छ । पत्रमा लेखिएको छ, नेपाली कांग्रेसभित्र पार्टी विधान, लोकतान्त्रिक मूल्य र सांगठनिक मर्यादाको विपरित प्रतिशोधपूर्ण, पूर्वाग्रही र गुटबन्दिको प्रभावमा २०८२ असार २५ गते केन्द्रीय संयोजक आनन्द ढुंगानाको नाममा प्रेसित अनुशासनको कारबाही गरिएको घटनाले सम्पूर्ण पार्टी अनुशासित कार्यकर्ता र आम कांग्रेस परिवारलाई दुःखी र आक्रोसित बनाएको छ। विशेषतः कास्कीका निवर्तमान सभापति नेता कृष्ण केसी, पूर्व आमन्त्रित केन्द्रिय सदस्य कुमार खड्का र भावना श्रेष्ठ लगायतका नेता, कार्यकर्तामाथि गरिएको कारबाहीले नेपालको ठूलो र पूरानो पार्टीप्रति जनतामा बितृष्णा बढाएको र नजिकिदै गरेको १५ औं महाधिवेशन तथा आम निर्वाचनको समयमा बिगत ३ वर्ष अगाडी भएको निर्वाचनको विषयलाई लिएर हाल आएर भएको अन्यायपूर्ण निलम्वनले कांग्रेसमा गुट, अवसरवादी प्रवृत्तिको मौन स्वीकार्यता झल्काएको उल्लेख छ। पत्रमा पार्टीको निर्णय लोकतान्त्रिक प्रक्रिया र निष्पक्ष छानबिनको आधारमा हुनुपर्नेमा व्यक्ति विशेषका आन्तरिक स्वार्थ र सत्ता लोलुपताले प्रभावित भई कारबाही गरिएको भन्दै गम्भिर आपत्ति प्रकट गरिएको छ। कारबाहीको विरुद्धमा अगाडी लेखिएको छ, सो निर्णयले पार्टी नीति, विधान र लोकतान्त्रिक मूल्यहरुमाथि प्रहार गरेको छ । पार्टीका शुभचिन्तक र विभिन्न समितिहरुले यो निर्णय फिर्ता लिन माग गर्दै नेता कृष्ण केसी लगायत माथिको अन्यायपूर्ण कारबाही तत्काल फिर्ता गरियोस् । निष्पक्ष छानबिन र आन्तरिक लोकतन्त्र सुनिश्चित गरियोस् । यो कारबाही पूर्वाग्रही, अन्यापूर्ण र संगठनको एकतामाथिको चोट हो । पार्टीको एकता र सिद्धान्त जोगाउन निर्णय तत्काल सच्याइनु पर्ने दृढ माग छ । निर्णय नसच्चिए सिंगो कांग्रेस कमजोर हुन्छ र बिपक्षी बलियो हुने निश्चित छ । न्याय र एकताको पक्षमा हामी एक छौं । निर्णय सच्याईएन भने जिल्ला संगठनलाई ठूलो क्षति हुनेछ भनिएको छ।

## अन्नपूर्ण क्षेत्रमा गत बर्षको तुलनामा २५ प्रतिशतले ५५ हजार बढी पर्यटक आगमन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

अन्नपूर्ण क्षेत्र (पदयात्रा) मा अघिल्लो बर्षको तुलनामा गत बर्ष २५ प्रतिशतले बढी पर्यटक आगमन भएको छ । अन्नपूर्ण क्षेत्रमा आर्थिक बर्ष २०८१/८२ मा अघिल्लो बर्षको तुलनामा २५ प्रतिशत अर्थात ५५ हजार ९ सय ३३ जना बढी पर्यटकको अगमन भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले जनाएको छ।

आर्थिक बर्ष २०८१/८२ मा २ लाख ७८ हजार १ सय १३ जना पर्यटक आगमन भएको एम्यापले दिएको तथ्याङ्कमा उल्लेख गरिएको छ । आर्थिक बर्ष २०७९/८० मा १ लाख ७२ हजार १ सय ८ जना पर्यटक आगमन भएकोमा आर्थिक बर्ष २०८०/८१ मा २ लाख २२ हजार १ सय ८० पर्यटक आगमन भएको थियो । सबैभन्दा धैरै पर्यटक चैत महिनामा र सबै भन्दा कम साउन महिनामा अन्नपूर्ण क्षेत्रमा पुगेको एक्यापले दिएको तथ्याङ्कमा उल्लेख छ । चैतमा ४४ हजार ९ सय ७७ जना र साउनमा ५ हजार ७ सय १० जना पर्यटक अन्नपूर्ण क्षेत्रमा पुग्नु भएको थियो । त्यसै गरी बैशाखमा ४१ हजार ८ सय ५३, कार्तिकमा ३३ हजार ३ सय १०, ज्येष्ठमा ३१ ह्जार ९ सय ५५ जना पर्यटक आगमन भएको थियो । चैतदेखि बैशाख र असोज देखि कार्तिक महिनामा पर्यटक उच्च हुने गरेको छ, जुन हाइकिङ, ट्रेकिङ र मौसमका कारण प्रभावकारी सिजन मानिन्छ । स्थानीय पर्यटन व्यवसायीहरूले पर्यटक संख्याको यस वृद्धिलाई सकारात्मक संकेतका रूपमा लिँदै पूर्वाधार सुधार, प्रचार-प्रसार र सुरक्षामा अझ ध्यान दिनुपर्ने बताइएको छ। कोभिड-१९ महामारीका बेला थलिएको यस क्षेत्रको पर्यटन पुनः पुरानै लयमा फर्किएको आयोजना प्रमुख डा. रविन कडरियाले बताउनु भयो । अन्नपूर्ण क्षेत्र पदयात्रा पर्यटनका लागि विश्व प्रसिद्ध गन्तव्य भएको उहाँले दाबी गर्नुभयो। मुक्तिनाथ लगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गर्ने गर्नू भएको छ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिल लगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन्। सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरेको छ।

## फेवाफाँटमा गवारो किराको प्रकोप, किसान चिन्तित

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन



पोखराको फेवाफाँट क्षेत्रमा यस वर्ष पनि गवारो किराको समस्या देखिएको छ। धान रोप्न नपाउँदै गवारो किराले बालीनाली सखाप पार्न थालेपछि किसानहरू चिन्तित हुनु भएको हो।

पोखरा-२३ स्थित फेवाफाँटमा करिब २ हजार रोपनी क्षेत्रफलमा गवारो किराको प्रकोप फैलिएको स्थानीय देविलाल लामिछानेले बताउनु भयो । उहाँका अनुसार असारमा लगाएको धान खेतमै नष्ट हुन थालेको छ भने यस वर्ष करिब ५ सय रोपनी खेत बाँझै रहेको छ। गएको वर्ष पनि गवारोको प्रकोपका कारण करिब ७० प्रतिशत धान उत्पादनमा गिरावट आएको स्थानिय किसानको दाबी छ। त्यसपछि किसानले विकल्प स्वरूप गहुँ खेती गरे पनि गहुँमा समेत गवारो देखिएपछि थप समस्या भएको थियो । स्थानीय कृषकहरूका अनुसार गवारो किराबारे पर्याप्त जानकारी नहुँदा नियन्त्रणमा समस्या भएको लामिछानेले बताउनु भयो । कृषकहरूले पोखरा महानगरपालिकाको कृषि महाशाखा र कृषि ज्ञान केन्द्र कास्कीलाई जानकारी गराएको भए पनि प्रभावकारी समाधान नआएको गुनासो गर्नु भएको छ । फेवाफाँटमा पोखरा महानगरले 'जेठोबुढो' धान खेतीलाई पकेट क्षेत्र घोषणा गरी कृषकलाई प्रोत्साहन गर्दै आएको छ तर गवारोको कारण धान उत्पादन प्रभावित भएपछि त्यस क्षेत्रमा गहुँ क्लस्टरको रुपमा खेती गराइएको थियो।

गवारो किराको समस्या समाधान गर्न कृषि ज्ञान केन्द्र कास्की र पोखरा महानगरका प्रतिनिधिहरू फेवाफाँटमै खटिएका छन्। पोखरा महानगरका आर्थिक महाशाखा प्रमुख मनहर कडरिया र कृषि ज्ञान केन्द्र प्रमुख किरण सिग्देल सहितको टोलीले कृषकलाई आगोको राँको बाल्न सल्लाह दिनु भएको छ। रातको समयमा राँको बाल्दा गवारो किरा ज्वालामा पर्ने र मर्ने भएकाले यस उपायलाई प्रभावकारी मानिएको सिग्देलले बताउनु भयो । सुक्खा खेतमा विषादी प्रयोग गर्न पनि सल्लाह दिइएको छ । कृषि महाशाखा प्रमुख कडरियाका अनुसार गवारो किराले धानको डाँठ भित्र पसि गुभो खाँदै बालालाई सिध्याउँछ । गवारो लागेको बाला सेतो देखिन्छ भने हरियो बाला भने सुरक्षित रहन्छ। विज्ञहरूका अनुसार गवारो किरा पुतली वर्ग अन्तर्गत पर्छ। यसको माउले पातको टुप्पोमा अण्डा पार्ने र त्यसबाट निस्केको लार्भाले डाँठमा प्वाल पारेर भित्र पस्दै गुभो खान्छ। समयमै उपचार नगरेमा पूरै बाली नष्ट हुन सक्ने कृषि विज्ञले चेतावनी दिनु भएको छ।

कृषकहरूले प्रारम्भमै गवारोको प्रभावबारे जानकारी नपाउँदा ठूलो क्षति भएको गुनासो गर्दै आउनु भएको छ । यद्यपि, पछिल्लो समय सचेतना र विषादीको प्रयोगसँगै केही हदसम्म नियन्त्रणमा आएको केन्द्रका सूचना अधिकारी रामकृष्ण अर्यालले जनाउनु भयो । गवारो किरा नियन्त्रण गर्न फेवाफाँटको पानीको बाहबले गर्दा समेत थप समस्या भएको बताउदै उहाँले परम्परागत विधि अपनाउनु उत्तम हुने तर्क गर्नुभयो । गत बर्ष पनि गवारो किराको कारण धान उत्पादनमा करोडौंको क्षति पुगेको बताउदै स्थानियले यस बर्ष पनि गत बर्ष भन्दा झन बढी समस्या हुन लागेको दाबी गर्नु भएको हो।

## पोखरामा कोरोना संक्रमणबाट एक बृद्धाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

पोखरामा कोरोना संक्रमणबाट एक वृद्धाको मृत्यु भएको छ।

पोखराको चरक अस्पतालमा भर्ना भएकी पोखरा ११ फुलवारीकी ७४ बर्षीया एक बृद्धाको अन्य रोग सहित कोरोना संक्रमण भएका कारण उपचारकै क्रममा आइतबार मृत्यु भएको गण्डकी प्रादेशिक स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिम बहादुर खड्काले बताउनु भयो । असार २५ गते जनश्वास्थ्य प्रयोगशालामा पिसिआर परिक्षण गर्दा कोरोना संक्रमण देखा परेको उहाँले उल्लेख गर्नुभयो । मृत्यु हुने बृद्धामा सुगर र उच्च रक्तचापको समेत समस्या भएको बताइन्छ।

गत बर्ष देखि कोरोना बिरुद्धको खोपको कार्यक्रम समेत बजेट अभावले गर्दा निरन्तरता दिन नसकेको महानिर्देशक खड्काले उल्लेख गर्नुभयो।

कास्कीमा हाल ३ जनामा कोभिड-१९ को संक्रमित रहेको स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी प्रशान्तराज शर्माले बताउनु भयो । उहाँका अनुसार सन २०२४ मा गण्डकी प्रदेशमा १० जनामा र सन २०२३ मा ८० जनामा कोरोना संक्रण देखा परेको थियो।

**सीप सिकौं, आत्मनिर्भर बनौं**

शैक्षिक सत्र २०८२/८३ को लागि पूर्ण रोजगार एवं व्यवसायमूलक प्राविधिक शिक्षामा भर्ना खुल्यो

» Diploma in Computer / IT Engineering
» Diploma in Civil Engineering
» 18 Months Pre-Diploma in Civil Engineering

**हाम्रा विशेषताहरू:**
- सरकारी तथा गैर सरकारी रोजगारदाताहरुसँग समन्वय गरी पूर्ण रोजगारको सिर्जना गरिने ।
- जीवनभरी आफ्नो प्राविधिक सिपको उपयोग भइरहने ।
- प्राविधिक विषयमा आफ्नै कलेज वा अन्य कलेज तथा वैदेशिक विश्वविद्यालयमा डिग्री लिन सकिने ।
- जेहेन्दार, छात्रा, दलित, जनजाति, मदेशी, मुस्लिम, गरीब समुदायका र SEE मा उच्च अंक ल्याएका विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था ।

**न्यूनतम शैक्षिक योग्यता:** SLC वा SEE परीक्षामा अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषय लिइ न्यूनतम १.६ ल्याएका विद्यार्थीहरु ।

**अन्तिम मिति: २०८२ श्रावण ११ गते सम्म**
**कक्षा संचालन: २०८२ श्रावण १३ गतेबाट**

विस्तृत जानकारीको लागि:
**पोखरा ईन्जिनियरिङ कलेज**
पोखरा-८, फिर्के । फोन नं. ०६१-५७५९२६, ५८१२०९, ९८४६५५०३४७
www.pec.edu.np

## युवालाई कृषि क्षेत्रमा आकर्षित गर्न नीति जरुरी छ : अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, ५ साउन

राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले नेपाली युवा पुस्तालाई कृषि क्षेत्रमा ल्याउन राज्यले ठोस नीति तथा कार्यक्रम ल्याउनुपर्ने बताउनुभएको छ।

यहाँ सोमबार आयोजित 'प्रथम यः वा किसान मञ्चः युवा किसान व्याम्प तथा कृषि ओलम्पिक' कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले कृषिमा युवाको आकर्षण बढाउन सरकारले विभिन्न प्याकेजको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले कृषि क्षेत्रको विकास गरी आत्मनिर्भर बन्न शिक्षित, प्रविधिमैत्री र सचेत युवाहरूको कृषि कर्ममा सक्रिय सहभागिता अहिलेको आवश्यकता अनिवार्य भइसकेको बताउनुभयो।

"देशको समृद्धिको आधार कृषि हो भने किसान समृद्धिका आधारशिला हुन्", अध्यक्ष दाहालले भन्नुभयो, "तर, आजसम्म पनि वास्तविक किसानहरूसँग जमिन नहुनु, सिँचाइ अभाव, मल, बीउ, बजारीकरण र न्यूनतम समर्थन मूल्यका चुनौती र समस्माहरू उस्तै छन्।"

संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको मार्ग निर्देश गरेको भए पनि त्यससको मूल आधारका रूपमा रहेका किसानको जीवनमा राज्यले पर्याप्त ध्यान दिन नसकेको अध्यक्ष दाहालले टिप्पणी गर्नुभयो । उहाँले कृषि क्षेत्रमा सामाजिक न्यायसहितको क्रान्तिको आवश्यकता औँल्याउँदै किसानलाई जमिनको स्वामित्व दिनुपर्ने, खाद्य सम्प्रभुता कायम गर्नुपर्ने र किसानका संवैधानिक हकहरू व्यवहारमा कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिनुभयो। उहाँले विगतका जनआन्दोलन, किसान आन्दोलन, जातीय, लैङ्गिक र वर्गीय सङ्घर्षको फलस्वरूप प्राप्त संविधानमाउल्लेखगरिएकाअधिकारहरूको व्यावहारिक कार्यान्वयन जरूरी ...... "सङ्घीय लोकतान्त्रिक गणतन्त्रको विकल्प

# मनाङमा ३७ हजार विदेशी पर्यटकको आगमन

**रासस**
मनाङ, ५ साउन

हिमाली जिल्ला मनाङमा विदेशी पर्यटक आगमन बढ्दै गएको छ। मनाङ भ्रमणमा आउने विदेशी पर्यटकको वार्षिकरूपमा बढ्दै गएको हो। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालय मनाङका अनुसार आर्थिक वर्ष २०८१/८२ मा २२ हजार ४७७ पुरुष, १५ हजार २४९ र अन्य छ गरी ३७ हजार ७३२ विदेशी पर्यटकको आगमन भएको छ।

उक्त इलाकाअन्तर्गत धारापानी पर्यटक चेकपोष्टको तथ्याङ्कअनुसार तीमध्ये दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) राष्ट्रका दुई हजार ५५४ र अन्य राष्ट्रका ३५ हजार १७८ पर्यटकले मनाङ भ्रमण गरेको कार्यालयका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । आर्थिक वर्ष २०८१/८२ मा १३४ देशका पर्यटकले मनाङ भ्रमण गरेको उहाँले जानकारी दिनुभयो ।
यस आर्थिक वर्षमा सबैभन्दा बढी इजरायलका चार हजार ३५८ नागरिकले मनाङ भ्रमण गरेका भुजेलले बताउनुभयो । फ्रान्सका तीन हजार ६१६ र जर्मनीका दुई हजार ८४२ नागरिकले भ्रमण गरेका छन् । गत वर्षको तुलनामा यस आर्थिक वर्षमा १० राष्ट्रका पर्यटकको आगमन वृद्धि भएको उहाँले बताउनुभयो ।

आर्थिक वर्ष २०८०/८१ मा १२४ राष्ट्रका २२ हजार ३७१ पर्यटकले मनाङ भ्रमण गरेका थिए । यस वर्ष फ्रान्सका नागरिक सबैभन्दा बढी आएको तथ्याङ्कमा उल्लेख छ । यस वर्षमा इजरायली नागरिकको सङ्ख्या अधिक रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "यहाँ आउने पर्यटकको आगमन बढ्ने क्रममा छ। यहाँका स्थानीय कृषि र पर्यटन व्यवसायमा निर्भर छन्। पर्यटकको आगमनले यहाँको आर्थिक स्तर वृद्धि हुनाका साथै राष्ट्रकै अर्थतन्त्रमा सुधार गरिरहेको छ ।" विश्वको १०औँ स्थानमा पर्ने जोखिमयुक्त पदमार्गका रूपमा रहेको अन्नपूर्ण पदमार्ग मनाङमा नै पर्ने भएकाले पर्यटकको आकर्षण बढ्दै गएको छ। उहाँले भन्नुभयो, "अन्य देशबाट पर्यटक आउने भए पनि इजरायल, फ्रान्स, जर्मनीलगायतका देशका नागरिक बढी आउने गरेका छन् । सङ्ख्याका आधारमा यी राष्ट्रबाट धेरै हुन् । अमेरिका, चीन, रसिया, भारतीय पर्यटक आउने क्रम बढ्दै गएको तथ्याङ्क हामीमा दर्ता भएका छन् ।" मनाङ प्राकृतिक सम्पदाले भरिपूर्ण भएकाले पनि पर्यटकको रोजाइमा पर्ने गरेको उहाँको भनाइ छ । आन्तरिक पर्यटक पनि बिदाको समयमा भ्रमणमा आउने क्रम बढ्दो रहेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना कार्यालय मनाङका संरक्षण शिक्षा सहायक भूपेन्द्र गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "तीन/चार दिन लगातार बिदा परेको बेलामा मनाङमा आन्तरिक पर्यटकको आगमन बढी भएको पाएका छौँ । भ्रमणमा निस्कने प्रविधि नेपालीमा पनि बिस्तारै बढ्दै गएको छ । विशेषगरी हाल मनाङ भ्रमणका लागि आन्तरिक पर्यटकको रोजाइ बनेको छ।" आन्तरिक पर्यटकको भने अभिलेख राखिँदैन । तर, पर्यटकको आगमन भने उल्लेख्य हुने गरेका उहाँको भनाइ छ।

मनाङ आउने अधिकांश पर्यटक तिलिचो ताल हुँदै थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ निस्कन्छन् भने केही पर्यटक लार्के भञ्ज्याङ हुँदै मनास्लुतर्फ लाग्ने गर्दछन्। आन्तरिक पर्यटकको रोजाइमा तिलिचो ताल पर्ने गरेको मनाङ डिस्याङ गाउँपालिका-९ का वडाध्यक्ष चोल्पा गुरुङले बताउनुभयो । लगातार बिदा भएको समयमा आन्तरिक पर्यटक तिलिचोताललाई मुख्य गन्तव्य बनाएर आउने गरेका पाइएको उहाँले बताउनुभयो। दुई समयमा मनाङका पदमार्गमा यात्रा गर्न सकिन्छ। कोभिडको सङ्क्रमण र विसं २०७८ को बाढीपहिरापछि यहाँ पर्यटक आवागमनमा वृद्धि हुँदै गएको छ। हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न पर्यटकको आकर्षण र आगमन हुने गर्दछ । साथै अन्नपूर्ण पदमार्गमार्फत पर्यटक मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा पुग्ने गर्दछन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट यात्राको सुरूआत गर्दछन् । अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँचवटा जिल्ला जोडिएको छ। काठमाडौँदेखि बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन् । पछिल्लो समय सडक सञ्जालको सहजताले सवार ीसाधनमा नै चामे, खाङ्सारसम्म पुग्ने गरेको पाइन्छ। त्यसपछि मात्रै मुख्य गन्तव्यतर्फ पदमार्गको यात्रा गर्ने गरेका भेटिन्छन् ।

# जानकी माविलाई शिखर इन्सुरेन्सको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन

शिखर इन्सुरेन्स कम्पनी प्रा.लि गण्डकी प्रदेश कार्यालयद्धारा जानकी मावि पोखरा १७ लाई एक लाख रुपैया सहयोग गरेको छ।

संस्थागत सामाजिक उत्तरदायित्वमार्फत सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउन सहयोग पुऱ्याउने लक्ष्यका साथ आर्थिक सहयोग गरिएको हो ।

विद्यालयमा आयोजित एक कार्यक्रमका वीच इन्सुरेन्सका गण्डकी प्रदेश प्रमुख विष्णुराज पौडेलले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र गुरुङ उक्त रकम बराबरको चेक हस्तान्तरण गर्नुभयो। विद्यालयमा ३५० जना विद्यार्थी अध्ययनरत छन् । नेपाल सरकार प्राधिकरणबाट इजाजत प्राप्त गरि सवारी साधन दुर्घटना हजाई, निर्माण सम्वन्धी मार्गस्त विमान, सम्पत्ति, उद्योग कलकारखाना जस्ता निर्जिवन विमाका साथै मजदूर स्वास्थ्य विमा लगायत विभिन्न १८ जटिल रोगमा १० लाख रुपैयासम्मको उपचार विमा समेत गर्दै आएको प्रमुख पौडेलले सो अवसरमा जानकारी दिनुभयो।

मुलुकको ७३ जिल्लामा ११८ वटा शाखामार्फत सेवालाई प्रभावकारी बनाउँदै आएको जानकारी दिँदै उहाँले भन्नुभयो, गत आर्थिक बर्षमा पाँच अर्व ८० करोड संकलन गरेकोमा तीन अर्व भन्दा वढी रुपैया दावी भुक्तानी गरेको थियो । छिटोछरितो सेवा प्रदान गर्नु संस्थाको पहिलो प्राथमिकता भएको बताउँदै उहँले भन्नुभयो, कम्पनीमा हाल तीन लाख भन्दा वढी विमित एवम् ६६० जनालाई प्रत्येक्षरुपमा रोजगारी प्राप्त गरेका छन् । कम्पनीले पोखरा २१ निर्मलपोखरीस्थित जनचेतना माविलाई पनि सोही शिर्षकमा एक लाख रुपैया उपलव्ध गराएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्द गिरीलाई प्रदेश प्रमुख पौडेलले उक्त रकम वरावरको चेक हस्तान्तरण गर्नु भएको थियो । कार्यक्रममा नेपाल विमा प्राधिकरण गण्डकी प्रदेश प्रमुख शम्भु मिश्रले यस्ता कार्यक्रमले सामुदायिक विद्यालयको पठनपाठनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै रकमको सदुपयोग हुने विश्वास व्यक्त गर्नुभयो ।

# रोटरी लेकसाइडको अध्यक्षमा राजेन्द्र लिगल

**पोखरापत्र संवाददाता**
पोखरा, ५ साउन



रोटरी क्लब अफ पोखरा लेकसाइडको दशौ पदस्थापना समारोह हालै सम्पन्न भएको छ। पोखरामा भएको समारोहमा क्लबका वर्ष २०२४/२५ का अध्यक्ष उपेन्द्र अधिकारीले वर्ष २०२५/२६ का अध्यक्ष राजेन्द्र लिगललाई पद हस्तान्तरण गरे । प्रमुख अतिथि रोटरी इन्टरनेशनल ३२९२, नेपाल-भुटानका वर्ष २०२५/२६का डिस्ट्रिक्ट गभर्नर विनोद कोइरालाले समारोह उद्घाटन गर्दै रोटरी अभियानमा रोटरीयन र रोट्र्याक्टको उपस्थिति बलियो रहेको जानकारी दिए । रोटरी क्लव लेकसाइडका चार्टर प्रेसिडेन्ट सुन्दरकुमार श्रेष्ठले रोटरियन भैसकेपछि नराम्रो कुरा छाडेर राम्रो अँगाल्न सकियो भनेमात्र रोटरियन भएको सार्थकता हुने बताए । सो अवसरमा वर्ष २०२४/२५ का अध्यक्ष उपेन्द्र अधिकारीले आफ्नो कार्यकालमा सघाउनेलाई अवार्ड वितरण गरेका थिए । वर्ष २०२५/२६ का अध्यक्ष राजेन्द्र लिगलले आफ्नो कार्यसमितिको परिचय गराउँदै कार्यकालमा उल्लेखनीय कार्य गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यसमितिमा आइपीपी उपेन्द्र अधिकारी, प्रेसिडेन्ट इलेक्ट टोपवहादुर थापा, उपाध्यक्ष सुवास मल्ल, सचिव लोकवहादुर गुरुङ, कोषाध्यक्ष सन्तोष पन्त, सहसचिव राजकुमार अर्याल, निर्देशकहरुमा क्रमश कुलप्रसाद सुवेदी, विश्वदर्शन पराजुली, अर्जुन खनाल, कृष्णबहादुर थापा, आमोद कोइराला, सर्जेन्ट एट आर्म शोभाकान्त सिग्देल, क्लब मेन्टर जयराम पौडेल, क्लब ट्रेनर डा. वीर वहादुर कार्की, एडिटर राजन कुमाल र फेलोसीप चेयर शिवलाल रोक्का रहेका छन् । उक्त अवसरमा क्लबले प्रकाशन गरेको स्मारिका 'द फेवा' विमोचन गरियो। राष्ट्रिय उपभोक्ता मञ्चका केन्द्रिय अध्यक्ष प्रेमलाल महर्जनले शुभकामना दिएको कार्यक्रममा क्लबका इलेक्ट अध्यक्ष तथा कार्यक्रम संयोजक टोप वहादुर थापाले स्वागत गरेको कार्यक्रमको संचालन सचिव लोकवहादुर गुरुङले गरेका थिए।

सो अवसरमा प्रमुख अतिथिको परिचय क्लवका पूर्व अध्यक्ष जयराम पोडेलले र अध्यक्ष लिगको परिचय क्लवका कोषाध्यक्ष सन्तोष पन्तले दिएका थिए भने धन्यवाद ज्ञापन क्लवका पूर्व अध्यक्ष अर्जुन खनालले गरे । क्लवका मेम्वरसिप चियर आमोद कोइरालाले नयाँ सदस्य दिपेन्द्र आचार्य, कुलवहादुर सुवेदी, आयुषा श्रेष्ठ र सुजता शाक्य बर्जाचार्यको परिचय गराए।

# स्मृति उद्यानमा भूकम्पमा ज्यान गुमाएकाको नामावली

**पोखरापत्र संवाददाता**
गोरखा, ५ साउन




गोरखा भूकम्पको केन्द्रविन्दु बारपाक सुलिकोट गाउँपालिका-१ बारपाकस्थित भूकम्प स्मृति उद्यानमा भूकम्पमा परी ज्यान गुमाएकाहरूको नामावली राखिएको छ।

विक्रम संवत् २०७२ वैशाख १२ गते गएको भूकम्पमा परेर ज्यान गुमाएका गोरखाका ४९० जनाको नामावली स्मृति उद्यानमा राखिएको सङ्घीय आयोजना कार्यान्वयन एकाइ पोखराका इन्जिनियर पुरुषोत्तम पँगेनीले जानकारी दिनुभयो।

उद्यानमा भूकम्पमा परेर ज्यान गुमाएका १४ वटै जिल्लाका मृतकको नामावली छुट्टाछुट्टै स्तम्भमा राख्ने भनिए पनि गहृ मन्त्रालयबाट सबैको नामावली प्राप्त हुन नसक्दा गोरखाका मृतकहरूको मात्र नामावली राखिएको उहाँले बताउनुभयो । इन्जिनियर पँगेनीले भन्नुभयो, "गृह मन्त्रालयमा धेरै पटक पत्राचार भयो, गोरखाबाहेकका अन्य १३ जिल्लाका मृतकको नाम उपलब्ध हुन नसकेपछि केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट नै गोरखाका मृतकको मात्र नाम राख्ने निर्णय भएर आइसकेको छ, अब अरू जिल्लाका मृतकको नामावली स्मृति उद्यानमा नराख्ने निश्चित भएको छ।"

गोरखा भूकम्पमा परेर ज्यान गुमाएका सबैको नामावली प्राप्त नहुँदा स्मृति उद्यानको काममा ढिलाइ हुँदै आएको छ । विसं २०७४ मङ्सिर १४ गते ठेक्का सम्झौता गरी उद्यान निर्माणको काम अगाडि बढाइएको थियो।

सरकारी स्वामित्वको करिब २१६ रोपनी क्षेत्रफलमा स्तम्भ, बगैँचालगायतका अन्य संरचना निर्माण गरिएको छ। त्यस्तै, स्मृति स्तम्भ मण्डला, मण्डलामा चिप्स राख्ने, रङरोगन, स्मृति उद्यान पुग्ने ४०० मिटर सडक कालोपत्रको काम यसअघि नै सम्पन्न भइसकेको ठेकेदार कम्पनी स्वच्छन्द/होम निर्माण जेभीका भोला मरहट्ठाले जानकारी दिनुभयो।

स्मृति उद्यानभित्र क्यान्टिन पार्क, टिकट काउन्टरसमेत निर्माण गरिएको छ । त्यस्तै उद्यानमा दुई शौचालय, एक चमेनागृह, पार्किङस्थल पनि निर्माण भएको उहाँले बताउनुभयो । आयोजना कार्यान्वयन एकाइले रु १३ करोड छ लाख ३४ हजारमा स्मृति उद्यान निर्माणका लागि ठेकेदार कम्पनीसँग ठेक्का सम्झौता गरेको थियो।

# पब्जी 'इ–स्पोर्ट्स विश्वकप'मा नेपालले भाग लिँदै

**रासस**
काठमाडौं, ५ साउन

नेपालको 'टिम होरा इ–स्पोर्ट्स'ले साउदी अरेबियामा आयोजना हुने पब्जी मोबाईल इ–स्पोर्ट्स विश्वकपमा सहभागिता जनाउने भएको छ।

यही साउन ९ गतेदेखि सञ्चालन हुने उक्त प्रतियोगितामा नेपाली पब्जी टोलीले भाग लिन लागेको इ–स्पोर्ट्स सङ्घ नेपाल (ईशान)द्वारा आज यहाँ आयोजित एक कार्यक्रममा जानकारी दिइयो । सङ्घका अध्यक्ष अन्जन धमला, राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङलगायतले पब्जी मोबाइल इ–स्पोर्ट्स विश्वकप खेल्ने नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभयो। सदस्य सचिव घिसिङले इ–स्पोर्ट्स खेलमा नेपालले पछिल्लो समय राम्रो सम्भावना देखाएको भन्दै विदेशी भूमिमा नेपाली खेलाडीले राम्रो खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुभयो । पब्जी टोलीमा खेलाडीको रूपमा आकाश राई, शीतल राई, सुप्रिम अधिकारी, उगेन छोपेल लामा, प्रवेश गुरुङ र आयुश लामाले प्रतिस्पर्धा गर्नेछन्। यस्तै, टोलीको व्यवस्थापकमा उमेश बुढथापा, अफिसियलमा सञ्जन गौतम र नवराम श्रेष्ठ सहभागी हुनेछन् । काजकिस्तानमा गत महिना भएको पब्जी मोबाईल सुपर लिग सेन्ट्रल तथा साउथ एसियामा दोस्रो स्थानमा रहँदै होरा विश्वकपमा छनोट भएको थियो।

## एक-अर्काको ...

छैन", अध्यक्ष दाहालले स्पष्ट पार्नुभयो, "युवाहरूको सक्रियता र नेतृताविना कृषिको रूपान्तरण सम्भव छैन।"

कृषि क्षेत्रमा विद्यमान समस्या र चुनौतीहरू उल्लेख गर्दै अध्यक्ष दाहालले सरकारले गर्नुपर्ने ठोस पहलका १३ वटा बुँदागत सुझाव प्रस्तुत गर्नुभयो । जसमा भूमि ऐनलगायत आवश्यक कानुन निर्माण, मल-बीउको सहज आपूर्ति, कृषकका उत्पादनको बजार ग्झारेन्ट्री, रैथाने बालीको प्रवर्द्धन, विषादी नियन्त्रण, किसानलाई सहुलियत ऋण तथा अनुदानमा पहुँच, जलवायु परिवर्तनको असर न्यूनीकरणलगायत विषय समावेश छन्।

कार्यक्रममा अध्यक्ष दाहालले कृषिमा आधारित नवप्रवर्तन, कृत्रिम बौद्धिकता र सूचना प्रविधिको उपयोगमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्ने बताउँदै कृषि क्षेत्रलाई रोजगार सिर्जनाको प्रमुख स्रोत बनाउने खालको योजना आवश्यक रहेको धारणा राख्नुभयो। कार्यक्रमको आयोजना राष्ट्रिय किसान सञ्जाल नेपाल र राष्ट्रिय कार्यान्वयन समितिले गरेका थिए । कार्यक्रममा देशभरिका एक सय बढी युवा किसानहरूको उपस्थिति रहेको कार्यक्रम संयोजक नहेन्द्र खड्काले जानकारी दिनुभयो।


**बाढी र पहिरोबाट सचेत होऔं।**

**बाढी र पहिरो आउनुअघिः**
- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं।

**बाढी र पहिरो आएमाः**
- अनावश्यक हिडडुल नगरौं।
- सुरक्षित स्थानतर्फ जाऔं,
- विजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले पार गरौं.
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान–प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसत्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ। - प्रेमचन्द

## सम्पादकीय

# स्वास्थ्य बिमा सुधार गर

नेपालको संविधानले लोककल्याणकारी राज्यव्यवस्थाको मर्मलाई आत्मसात् गरेको छ। शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रलाई नागरिकको मौलिक हकमा समावेश गरेको छ। संविधानमा उल्लेख गरेका सबै कार्यान्वयनमा आउन केही वर्ष कुर्नैपर्छ। साधन र स्रोतका कमीका साथै कतिपय संस्थागत संरचनाको अभावले पनि सबै मौलिक हकलाई पूर्ण रूपमा कार्यान्वयनमा आएका छैनन्। स्वास्थ्य क्षेत्रमा भने सरकारको प्रयास सकारात्मक छ। स्वास्थ्यनै धन हो त्यही निहुँमा नेपालले स्वास्थ्यमा केही गर्न खोज्को छ। हरेक नागरिक स्वस्थ भए मात्र काम गर्न सक्छन्। त्यसैले हरेक नागरिकलाई स्वस्थ राख्न राज्यको दायित्व हुन जान्छ। यसै वास्तविकतालाई दृष्टिगत गरी स्वास्थ्य बिमाको कार्यक्रम अगाडि बढाइएको छ।

सकभर रोग लाग्नै नदिने निरोगी नेपालको अभियान छ भने रोग लागेपछि सहज रूपमा उपचार पाउने व्यवस्थाका निम्ति स्वास्थ्य बिमाको कार्यक्रम अगाडि बढाइएको छ। राष्ट्रिय स्वास्थ्य बिमा नीति अनुसार आर्थिक वर्ष २०७२र७३ मा कैलाली, बागलुङ र इलामबाट सुरु गरेको स्वास्थ्य बिमा अहिले व्यापक भइसकेको छ। वर्तमान सरकार गठन भएपछि स्वास्थ्य क्षेत्रमा गरिएका अनेक सुधारसँगै स्वास्थ्य बिमालाई प्रभावकारी बनाउने प्रयास गरिएको छ तर पनि यसमा अनेक अवरोध कायमै छन्। देशका धेरै नागरिकले बिरामी भएका बेला स्वास्थ्य बिमामार्फत राम्रो सुविधा पाउन थालेका छन्। कतिपयले भने आवश्यक नै नभए पनि बिमाको सुविधा उपयोग गरेको पनि पाइन्छ। अझ कतिपय अवस्थामा दुरुपयोग गर्ने गरेकोसमेत पाइन्छ। त्यसो त नियमित औषधी सेवनदेखि जटिल किसिमका शल्यक्रिया र रोगको उपचार गर्न धेरैलाई स्वास्थ्य बिमा ठुलो सहारा भएको छ। सर्वसाधारणलाई यस्तो सुविधा पुऱ्याएको स्वास्थ्य बिमा कार्यक्रमलाई अझै सुधार गरेर लैजानुपर्ने आवश्यकता भने देखिएको छ। सरकारले वार्षिक दिने रकम, उठ्ने गरेको प्रिमियम र उपचारमा लाग्ने खर्चको अनुपात नमिल्दा स्वास्थ्य बिमा बोर्ड अप्ठ्यारोमा परेको छ।

स्वास्थ्य बिमा ऐनमा उल्लेख भए अनुसार सबै कर्मचारीलाई स्वास्थ्य बिमामा आबद्ध गराउन सके स्वास्थ्य बिमामा समस्या नआउने देखिएको छ। स्वास्थ्य बिमाका निम्ति साधन र स्रोतको पहुँच बढ्ने छ। ऐनमा उल्लेख भए अनुसार प्रत्येक कर्मचारीबाट पाउने तलबको एक प्रतिशत मात्र रकम स्वास्थ्य बिमा उठाउन सकिन्छ। त्यति मात्र होइन, यसमा रोजगारदाताले एक प्रतिशत थप दिने व्यवस्था गर्न सकिने छ। नयाँ प्रावधानले वार्षिक ४० अर्ब रुपियाँसम्म प्रिमियम उठाउन सकिने उपाय देखिएको छ। सरकारले जटिल रोग लागेका बिरामीलाई पाँच लाखसम्मको उपचार दायरा पुऱ्याउने लक्ष्यमा यो राम्रो उपाय हुन सक्छ।

स्वास्थ्य बिमा बोर्ड आर्थिक चापमा छ। हाल स्वास्थ्य बिमा बोर्डले ३७७ वटा स्वास्थ्य संस्थालाई प्रथमविन्दुका रूपमा तोकेको छ। यस्तै ९८ वटा निजी, सरकारी तथा सामुदायिक अस्पताललाई रेफरल अस्पतालका रूपमा तोकेको छ। स्वास्थ्य बिमामार्फत देशभरका अस्पतालबाट वार्षिक २५ अर्ब रुपियाँको औषधी तथा उपचार हुने गर्दछ तर सरकारले स्वास्थ्य बिमा बोर्डलाई वार्षिक सात अर्ब मात्र बजेट छुट्याउने गरेको थियो । नयाँ आव २०८२/८३ मा भने १० अर्ब बजेट छुट्याइएको छ। यो बजेटले बिरामीको उपचारका लागि अस्पताललाई भुक्तानी गर्न पुग्ने देखिँदैन। स्वास्थ्य बिमा कार्यक्रम देशका सबै नागरिकलाई स्वास्थ्य उपचारमा सरल र सहज पहुँच दिन उपयोग हुँदा प्रभावकारी बनाउन कर्मचारीलाई स्वास्थ्य बिमामा सहभागी गराउनु आवश्यक छ। सरकारको प्राथमिकता प्राप्त कार्यक्रम भएकोले सहज र कार्यान्वयन गर्न सकिने कार्यक्रम बनाएर लागु गर्नु जरुरी पनि छ।

स्वास्थ्य बिमामा भइरहेको भनिएको दुरुपयोग निर्मम भएर रोक्नु पर्छ। प्रधानमन्त्री केपी शर्मा ओलीले केही दिनअघि स्वास्थ्य बिमामा दुरुपयोग रोक्नसमेत ध्यानाकर्षण गराएका छ। स्वास्थ्य बिमाबापतको प्रिमियमबाट वार्षिक दुई अर्ब ५० करोड रुपियाँ मात्र उठ्ने मौजुदा अवस्थाबाट स्वास्थ्य बिमा प्रभावकारी रूपमा अगाडि बढ्ने देखिँदैन। प्रिमियम बढाउनु जरुरी छ। सरकारलाई थप व्ययभार नपर्ने गरी सिर्जनात्मक कार्यक्रम बनाएर लागु गरिनु पर्छ। सरकारी तथा निजी क्षेत्रका सबै कर्मचारीलाई बिमामा समेट्न सकिने छ। स्वास्थ्य सेवामा संस्थागत सुधार गरेर मात्र अगाडि बढ्नु पर्छ। सुधार नै स्वास्थ्य बिमा प्रभावकारी बनाउने सही उपाय हो।

# खानेपानी योजनालाई विद्युत महशुलमा अनुदान

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ५ साउन

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्याङ्जाले आर्थिक वर्ष २०८१/०८२ मा जिल्लामा संचालित लिफ्टिङ खानेपानी योजनाहरुलाई १ करोड ३३ लाख ६४ हजार ६ सय ५६ रुपैयाँ विद्युत महशुल अनुदान दिएको छ।

स्याङ्जाका १ सय ३३ योजनालाई ८६ लाख ७८ हजार ८४ रुपैयाँ र कास्कीका ३६ योजनालाई ४६ लाख ८६ हजार ५७२ रुपैयाँ अनुदान पाएका छन्। प्रदेश सरकारको लिफ्टिङ खानेपानी योजनालाई विद्युत महशुलमा अनुदान दिने कार्यक्रम अर्न्तगत कार्यालयले स्याङ्जा र कास्कीमा संचालित १ सय ६९ योजनालाई अनुदान दिएको हो।

लिफ्टिङ खानेपानी आयोजना विद्युत महशुल अनुदान कार्यविधी २०७९ का आधारमा अनुदान दिएको कार्यालयका प्रमुख हरि प्रसाद तिमिल्सिनाले बताए। अनुदान पाएका योजनाबाट स्याङ्जाका २१ हजार ९६४ र कास्कीका १३ हजार ८०८ गरी ३५ हजार ७७२ परिवार लाभान्वित भएका छन्।

मासिक २५ हजार रुपैयाँसम्म विद्युत खपत गर्ने लाभग्राहीलाई शतप्रतिशत अनुदान दिइएको छ। मासिक २५ हजारदेखि ४० हजारको महशुलमा ७५ प्रतिशत, ४० हजारदेखि ६० हजारसम्मको विद्युत खपतमा ५० प्रतिशत र ६० हजारदेखि ८० हजारसम्म महशुल खपत गर्ने योजनालाई २५ प्रतिशत अनुदान दिएको कार्यालय प्रमुख तिमिल्सिनाले जानकारी दिए। मासिक ८० हजारभन्दा बढीको विद्युत खपत गर्ने योजनालाई १० प्रतिशत मात्रै अनुदान उपलब्ध गराईएको छ।

ठूला योजना अर्थात तीन स्टेप वा सोभन्दा बढी स्टेप पानी तान्ने योजनाको हकमा भने ४० हजारको ९० प्रतिशत, ६० हजारसम्म ६५ प्रतिशत, ८० हजारको ४० प्रतिशत र ८० हजार भन्दा बढी महशुल खपत गर्ने योजनालाई १५ प्रतिशत अनुदान दिइएको छ।

जिल्लामा क्रमागत २ सय ४७ खानेपानी योजना संचालनमा रहेका छन्। पछिल्लो आर्थिक वर्षमा १० वटा खानेपानीका योजनाहरु पूर्ण रुपमा निर्माण सकिएको इन्जिनियर कमल बरालले बताए। यो वर्ष निर्माण सम्पन्न भएका योजनाबाट झण्डै ८ हजार जनसंख्या लाभान्वित भएको छन्। योसँगै जिल्लामा १ हजार ५८६ योजना सम्पन्न भई संचालनमा छन्। प्रदेश सरकार बनेसँगै जिल्लामा हालसम्म १ सय ६१ योजना निर्माण सम्पन्न भएका छन्। इन्जिनियर बरालका अनुसार निर्माण सम्पन्न भएका योजना अर्न्तगत २३ हजार ४३ भन्दा बढि घरमा 'एक घर, एक धारा' जोडिएको छ भने १ लाख १७ हजार ५ सय १७ जनसंख्या लाभान्वित भएका छन्।

आर्थिक वर्ष २०८१/०८२ मा कार्यालयले ९५ प्रतिशतको हाराहारीमा वित्तीय प्रगति गरेको छ। यो वर्ष २३ करोड ३ लाख ४६ हजार रुपैयाँ खर्च भएको कार्यालय प्रमुख तिमिल्सिनाले बताए। उनका अनुसार चालु वर्षमा पनि जिल्लामा उत्तिकै संख्यामा योजनाहरु संचालन रहने छन्।

# गड्यौला मल खेतीबालीका लागि बहुउपयोगी

**पोखरापत्र संवाददाता**
गण्डकी, ५ साउन

पोखरा महानगरपालिका-११ का लक्ष्मी अधिकारी र टीकामाया मगरले व्यावसायिक गड्यौला मल खेतीतर्फ आकर्षित बन्नुभएको छ।

निलबाराही कृषि तथा भर्मी कम्पोष्ट एग्रो फर्म सञ्चालन गर्दै आउनुभएका दुवैजनाले गड्यौला मल खेती गर्दै त्यसबाट पर्याप्त आम्दानी गरिहनुभएको छ। उहाँहरूले गड्यौला मलको खेतीसँगै तरकारी र घाँसको खेती गरिरहनुभएको छ।

उक्त फर्मका सञ्चालक लक्ष्मी अधिकारीले पछिल्लो समयमा गड्यौला मलको माग बढ्दै गएको बताउनुभयो। उहाँले आफ्नो फर्मबाट प्रति किलो रु ५० का दरले गड्यौला मल बिक्री भइरहेको जानकारी दिनुभयो। सुरुआतमा थोरै क्षेत्रफलमा गरिएको गड्यौला मलको खेती अहिले करिब डेढ रोपनी क्षेत्रफलमा गरिएको उहाँले बताउनुभयो। गड्यौला मलको खेतीका लागि भक्तपुरको बोडेबाट गड्यौला ल्याउने गरिएको जानकारी दिँदै अधिकारीले आफूहरूले ठूलो मात्रामा गड्यौला मल ल्याउने गरेको जानकारी दिनुभयो।

प्रत्येक तीन महिनाको अवधिमा गड्यौला मल तयार हुने उहाँले बताउनुभयो। हालसम्म एउटा याममा एक हजार किलोसम्म गड्यौला मल तयार हुने गरेकामा अब भने क्षेत्र विस्तारपछि दुई हजार किलोग्रामसम्म उत्पादन गर्ने लक्ष्य राखिएको अधिकारीले बताउनुभयो। गड्यौला खेतीको क्षेत्र विस्तारका क्रममा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कास्कीबाट ५० प्रतिशत अनुदानस्वरुप रु चार लाख सहयोग प्राप्त भएको अधिकारीले बताउनुभयो।

गड्यौला मल प्राङ्गारिक खेतीका लागि अति उत्तम मानिने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ कास्कीका प्रमुख माधवप्रसाद लम्सालले बताउनुभयो। विशेषतः थोरै क्षेत्रफलमा खेती गर्ने, कौशी खेती गर्नेका लागि रासायनिक मलको प्रयोगको विकल्पमा गड्यौला मल रहेको छ। "पछिल्लो समयमा पोखरामा कौशी खेतीको चलन बढ्दो छ", अधिकारीले भन्नुभयो, "थोरै मात्रामा कौशी खेती गर्नेका लागि यो रोजाइमा पर्ने गरेको छ।" रासायनिक मलको विकल्पका रूपमा यो मल रहेको उहाँले बताउनुभयो। गड्यौलाले खाएर पचाएर दिशाको रूपमा फालेको मलमा भएका खाद्यतत्व पानीमा घुलनशील हुन्छन् जसलाई बिरुवाले सजिलैसँग ग्रहण गर्न सक्दछ।

यस मलमा एन्टिवायोटिक, भिटामिन, हर्मोन प्राप्त हुने भएकाले अरू मलभन्दा यो बढी गुणस्तरीय मानिन्छ। यस मलमा सामान्य माटोमा पाइने नाइट्रोजनभन्दा पाँच गुणा, फस्फोरसभन्दा सात गुणा र पोटासभन्दा ११ गुणा बढी मात्रामा पाइने कारण खेतीबालीका लागि बहुउपयोगी हुन्छ। व्यावसायिक गड्यौला मल खेतीमा सम्भावना देखरै आफूहरू यसतर्फ आकर्षित बनेको टीकामाया मगरले बताउनुभयो। व्यावसायिक गड्यौला मलखेतीका माध्यमबाट आयआर्जन गर्ने लक्ष्यका साथ आफूहरू निरन्तर यसमा लागिपरेको उहाँको भनाइ छ।

# कराते खेलाडी अकबरे खुर्सानी खेतीमा व्यस्त

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ साउन



म्याग्दीको धवलागिरि गाउँपालिकामा मल्चिङ प्रविधिको प्रयोग गरेर पहिलो पटक अकबरे जातको खुर्सानी खेती भएको छ। धवलागिरि -७ शिवाङको धौलागिरि कृषि तथा पशुपक्षी फार्मका सञ्चालक ओमराज मगरले छ रोपनी बारीमा खुर्सानीखेती गर्नुभएको छ।

"खुर्सानी लगाएको ठाउँमा झार पलाउन नदिनका लागि बोट उम्रने बाहेकका जमिनमा प्लास्टिकले छोप्ने मल्चिङ प्रविधि अपनाएको हो," उहाँले भन्नुभयो "प्लास्टिकले झार उम्रन नदिने र बिरुवाले पर्याप्त पोषकतत्व पाएर उत्पादन राम्रो हुने भएकाले तरकारी खेतीमा यस्तो प्रविधिको प्रभावकारी भएको छ।" समुद्री सतहदेखि दुई हजार मिटर उचाइमा अवस्थित शिवाङमा यसअघि दुई वर्ष परीक्षण गरेर यसपालीदेखि खुर्सानीको व्यावसायिक खेती सुरु गरेको उहाँले बताउनुभयो। खुर्सानी खेतीका लागि उहाँले रु दुई लाख ५० हजार लगानी गर्नुभएको छ। धवलागिरिमा यसअघि व्यावसायिक रुपमा अकबरे जातको खुर्सानीखेती नभएको गाउँपालिकाको कृषि शाखाका प्राविधिक अमृत थापाले बताउनुभयो। घरायसी प्रयोजनको लागि मात्र खुर्सानी खेती हुदै आएको थियो। बजारको सम्भावना भएकाले अकबरे खुर्सानीखेती गरेको किसान मगरले बताउनुभयो। स्थानीय बजारमा प्रतिकिलो रु दुई सय ५० का दरले अकबरे खुर्सानी बिक्री हुन्छ। म्याग्दीमा हाल तराई र पूर्वी पहाडी जिल्लाबाट अकबरे खुर्सानी आयात हुनेगर्छ। दिउँसो २२ देखि २५ डिग्री सेल्सियस र राति १५ देखि २० डिग्री सेल्सियस तापक्रम हुने उच्च पहाड र तराईको भूगोलमा अकबरे खुर्सानी खेती गर्न सकिन्छ। तीस वर्षीय मगरले वैदेशिक रोजगार र परम्परागत खेतीको विकल्पमा खुर्सानीका साथै किबीखेती, कुखुरा र बाख्रापालन गरेर स्वरोजगार बन्नुभएको छ। मगर कराते खेलका खेलाडी हुनुहुन्छ। उहाँको बगैंचामा ७० किबीका बोट छन्। गत वर्ष तीन हजार किलोग्राम किबी बिक्री गर्नुभएको थियो।

# नमूना पशुपक्षी अस्पताल भवन निर्माण अधुरो

**पोखरापत्र संवाददाता**
तनहुँ, ५ साउन

यहाँको व्यास नगरपालिका-३ दमौलीस्थित नमूना पशुपक्षी अस्पतालको भवन निर्माण अधुरो बनेको छ।

सो भवन विसं २०८१ पुसमा सम्पन्न गर्ने गरी निर्माण सम्झौता भए पनि ७५ प्रतिशत मात्रै काम सकिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले जनाएको छ। निर्धारित समयमा पूरा नभएपछि पटक पटक म्याद थप गरेपनि समयमा सम्पन्न नभएको केन्द्रका प्रमुख रविसन अधिकारीले जानकारी दिनुभयो। ठेकेदारको लापरबाहीले सुस्त गतिमा काम गरेकाले २५ प्रतिशत काम अझै बाँकी छ। प्रमुख अधिकारीले भन्नुभयो, "द्रुतगतिमा काम गरेर छ महिनाभित्रै निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएपछि म्याद थप भएको छ।" भवन निर्माणको जिम्मा इको बिल्डर्सले पाएको हो। सदरमुकाम दमौलीस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको परिसरमा डेढ वर्षअघि सम्पन्न गर्नुपर्ने भए पनि भवन अधुरै छ।


**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रादेशिक स्वास्थ्य निर्देशनालय**
**मातृशिशु मितेरी प्रादेशिक अस्पताल**
**पोखरा, कास्की**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०६ गते**

गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत मातृशिशु मितेरी प्रादेशिक अस्पताल कास्कीमा निरन्तर स्वास्थ्य सेवा सूचारु भइरहन तथा थप सेवाहरु समेत संचालनमा ल्याई सेवा प्रवाह गर्नका लागि तपसिल बमोजिमका पदहरुमा गण्डकी प्रदेशबाट जारी **"सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि, २०७९"** बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्मको लागि सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आव्हान गरिएको छ।

**तपसिल**

| सि.न. | विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | १/२०८२-८३ | कन्सल्टेन्ट फिजिसियन | नवौं | जनरल वा इन्टरनल मेडिसिन स्नातकोत्तर तह उत्तीर्ण | १ (एक) |

**नोट :**

१. **दरखास्त फारमः** गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको वेभसाईट mohp.gandaki.gov.np वा यस अस्पतालको वेभसाईट msmhospital.gov.np बाट फारम डाउनलोड गरी भरेर फाइलमा दरखास्त फारमसँग संलग्न गर्नुपर्ने कागजातहरु सहित मातृशिशु मितेरी प्रादेशिक अस्पताल कास्की पोखरा बाटुलेचौरमा पेश गर्नुपर्नेछ।

२. **दरखास्त फारमसँग संलग्न गर्नुपर्ने कागजातहरुः**
क. उम्मेदवारले आफ्नो १. अद्यावधिक व्यक्तिगत विवरण (Bio–data/CV), २. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, ३. शैक्षिक योग्यताको प्रमाणपत्रहरु (एसएलसी र सो भन्दा माथिका सबैका लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्र) का प्रतिलिपीहरु, ४. म्याद कायम रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सीलको प्रमाणपत्रको प्रतिलिपी, ५. सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव पत्रका प्रतिलिपि ६. तालिम सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी र ७. दरखास्त बुझाएको बैंक भौचर सक्कलै।
ख. दरखास्त साथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपिहरुमा दरखास्तवाला स्वयम्ले प्रमाणित गरि पेश गर्नुपर्नेछ।
ग. दरखास्त दिने अन्तिम दिनभित्र माथि २ (क) मा उल्लेखित सम्पूर्ण कागजात एवम् प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्नेछ। साथै समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो समेत खुल्ने कागजपत्र पेश गर्नुपर्नेछ। रित नपुगेको, म्याद नाघेको तथा शर्त सहितको आवेदन दर्ता गरिने छैन।

३. **काम गर्नुपर्ने स्थान** : मातृशिशु मितेरी प्रादेशिक अस्पताल कास्की पोखरा बाटुलेचौर

४. **दरखास्त दस्तुर** : नवौं तहको लागि रु.१२००/-(एक हजार दुई सय) दस्तुर बुझाउनु पर्नेछ।
क. कार्यालयको नाम : मातृशिशु मितेरी प्रादेशिक अस्पताल कास्की पोखरा बाटुलेचौर
ख. कार्यालयको कोड नं. : ३५००९३९०१४
ग. राजश्व शिर्षक नं. : १४२२९
घ. बैंक खाता नं. : (सम्बन्धित जिल्लाको सरकारी कारोबार गर्ने :- राष्ट्रिय वाणिज्य बैंक)

५. दरखास्त दिने अन्तिम मिति : २०८२/०४/२० गते मंगलबार कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट।

६. दरखास्त दिने स्थान : मातृशिशु मितेरी प्रादेशिक अस्पताल कास्की पोखरा बाटुलेचौर।

७. परीक्षाको किसिम : अन्तर्वार्ता/अन्तर्वार्ताको तालिका यस अस्पतालको सूचना पाटि तथा वेभसाईटमा प्रकाशन गरिनेछ।

८. तलब : प्रचलित कानून बमोजिम सम्बन्धित तहको शुरु तलब स्केल मात्र हुनेछ।

९. अवधि : चालु आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म।

१०. उम्मेदवार हुनका लागि योग्यता :
क. नेपाली नागरिक हुनुपर्नेछ र उमेरको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ।
ख. भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ।
ग. भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरि वर्खास्त नभएको हुनुपर्नेछ।

११. अन्य विस्तृत जानकारीको लागि : यस अस्पतालको वेभसाईट msmhospital.gov.np मा हेर्न हुन अनुरोध छ।

**–पदपूर्ति,अन्तर्वार्ता तथा सिफारिस समिति**


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रुको भय | **तुला** | : सहयोग मिल्नेछ |
| **वृष** | : झमेला बढ्ने | **वृश्चिक** | : अप्रत्यसित लाभ |
| **मिथुन** | : शुभ यात्रा | **धनु** | : सत्कार मिल्नेछ |
| **कर्कट** | : स्वास्थ्यमा सुधार | **मकर** | : शारीरिक झमेला |
| **सिंह** | : आर्थिक समस्या | **कुम्भ** | : मानसिक तनाब |
| **कन्या** | : कार्यमा सफलता | **मीन** | : ब्यापारमा लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# रङ्गीबिरङ्गी फूलले सजिएको ढोरपाटन

पोखरापत्र संवाददाता
बागलुङ, ५ साउन



शान्त वातावरणमा रङ्गीबिरङ्गी फूल, छिनछिनमा परिवर्तन हुने मौसम र शीतल हावापानी बर्खायाममा ढोरपाटनको विशेषता हो यो । थरिथरिका फूलले रङ्गिएको ढोरपाटन बर्खायाम अन्य यामभन्दा झनै रमाइलो छ ।

बर्खायाम अन्यत्र पर्यटकीय गतिविधि शून्यप्रायः जस्तै हुँदा यसपटक भने बागलुङको ढोरपाटन पर्यटकले 'गुल्जार' बनेको छ। आठ किलोमिटर वरपर फैलिएको ढोरपाटन उपत्यकामा फुलेका रङ्गीबिरङ्गी वनफूलका कारण ढोरपाटनको छुट्टै रौनकता थपिएको छ । ढोरपाटनको फाँट र पाखा अनेक थरिका बुकी फुलेर रङ्गिएपछि रमणीय बनेको छ । प्रचारप्रसार र पर्यटकीय पूर्वाधारका कारण पछिल्लो समय ढोरपाटनमा बर्खामा समेत उत्तिकै पर्यटक आएको पाइएको छ । बर्खामा ढोरपाटन पुग्ने मुख्य कारण भनेको सयौं थरिका रङ्गीबिरङ्गी फूल रहेको छ ।

स्थानीय ढोरपाटन सामुदायिक घरबासका सञ्चालक मिलन घर्तीका अनुसार असारदेखि भदौसम्म अन्य ठाउँमा पर्यटकको आगमन शून्य भए पनि ढोरपाटन 'गुल्जार' बनिरहेको बताउनुभयो । "बर्खामा ढोरपाटन आउने सडक असहज छ तर यहाँको मनोरम दृश्यले पर्यटकको सडकयात्रा बिर्साउने गर्दछ, यस्तो बर्खामा समेत आफ्नो घरबासमा पाहुनाको कमी छैन, पछिल्लो दुई हप्तायता मौसममा सुधार भएसँगै बुकी पुग्ने पदयात्रीले घरबास भरिएर अन्य होटलमा पठाउन बाध्य भएको छु", घर्तीले भन्नुभयो, "यहाँको मुख्य विशेषता भनेको रङ्गीबिरङ्गी फूल हो, पदयात्रा गर्न सक्नेहरू चार हजारभन्दा माथिको उचाइ बुकीपाटनमा पुग्छन् भने पदयात्रा गर्न नसक्ने ढोरपाटन उपत्यकाका फूलसँगै घोडा सफारीमा रमाउने गरेका छन् ।" पर्यटकका कारण यहाँका घरबास, होटल तथा घोडा व्यवसायीसमेत उत्साहित छन् । पच्चीस जना क्षमता रहेको घरबास यो बर्खामा समेत भरिएर पाहुना अन्य होटल तथा घरबासमा पठाइरहेको बताउँदै यो सिजनमा पोखरा, बुटवलदेखि काठमाडौँबाट समेत पर्यटक आउने गरेको पाइएको छ ।

कञ्चन उत्तरगङ्गा नदी, सुन्दर र समथर भूबनोट, अनेकथरि बुकीफूल र त्यसमाथि घोडा चरिरहेको दृश्यले ढोरपाटन पुग्ने जोकोही लोभिने गरेका काठमाडौँबाट मोटरसाइकलमा घुम्न आउनुभएका अनिल राजवंशीले बताउनुभयो । यहाँ फल्ने रातो, सेतो, पहेँलो, गुलाफीजस्ता अनेकौँ थरिका फूलले पर्यटकलाई ढोरपाटन तानिरहेको छ । राजवंशीले चार हजार मिटरभन्दा माथिको बुकिपाटनसमेत एक दिनको पदयात्रामार्फत पुगेको बताउँदै ढोरपाटनको सौन्दर्यता वयान गरेर नसक्ने बताउनुहुन्छ। बुर्तिबाङबाट ढोरपाटनसम्मको झण्डै ३० किमी सडकलाई स्तरीय बनाउन सकेमा ढोरपाटनमा पर्यटकको कमी नहुने उहाँको भनाइ छ । राजवंशीले कष्टकरयात्रालाई ढोरपाटनको दृश्यले बिर्साउने गरेको बताउनुभयो । "टिकटकमा अहिले निकै सुन्दर दृश्य देखिएका थिए, ढोरपाटन उपत्यका, पदयात्रामार्फत बुटीपाटन गएको, भेडाका बथानसँगै सयौं थरि फूलहरूको दृश्यले लोभ्यायो एक हप्ताको छुट्टी लिएर श्रीमतीसँगै काडमाडौँबाट ढोरपाटन आएँ", राजवंशीले भन्नुभयो, "यो बर्खामा समेत पदयात्रीको कमी रहेन बुकी पाटनमा एक दिनमै सयौं पर्यटक त्यहाँ आफूसँग गएको, पदयात्राका क्रममा बाटोमा साँघु र गोठ निर्माणले यात्रालाई केही सहज बनाएको पाएँ ।"

ढोरपाटनबाट बुकी र जलजला क्षेत्र पुगेर हिमालका सुन्दर दृश्य हेर्न पर्यटक लालयित भएर ढोरपाटन पुग्ने गरेको पाइएको छ । पाटनैभरि फुल्ने वनफूल, फूलमा घोडा, भेडाबाख्रा र गाईभैँसी चर्दै गरेको दृश्यले पर्यटकलाई तान्ने गरेको छ । लेकमा फुल्ने फूललाई समग्रमा बुकीका नामले चिन्ने गरेको स्थानीयको भनाइ छ । अहिले सडक यातायात, होटल तथा घरबास सुविधा, सञ्चारमाध्यमले यहाँ आउन पनि निकै सजिलो भएको छ ।

# मनास्लु पदमार्गमा जथाभावी फोहर नफाल्न आग्रह

पोखरापत्र संवाददाता
गोरखा, ५ साउन

उत्तरी गोरखाको मनास्लु पदमार्गमा निस्कने फोहर सङ्कलन र व्यवस्थापनका लागि विभिन्न ४० स्थानमा 'डस्टबिन' राखिएको छ ।

स्थानीयवासीको सहभागितामा फोहर व्यवस्थापनका लागि पदमार्गमा 'डस्टबिन' राखिएको मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय (एमक्याप) गोरखाका प्रमुख सन्तोष शेरचनले जानकारी दिनुभयो । पदमार्गलाई सफा, सुन्दर र सुरक्षित राख्न ठाउँठाउँमा डस्टबिन राखिएको हो । फोहर व्यवस्थापनबाट वातावरण संरक्षणमासमेत सहयोग पुग्ने उहाँको भनाइ छ । प्रमुख शेरचनले भन्नुभयो, "त्यहाँ घुम्न पर्यटकले जथभावी फोहर फ्याक्ने गर्दा मनास्लु लार्केपास पदमार्गमा जथाभावी फोहर देखिने गरेको छ। त्यसलाई व्यवस्थित र प्रभावकारी व्यवस्थापनका लागि ठाउँठाउँमा डस्टबिन राखिएको छ ।" मनास्लु पदमार्गमा पानीको बोतल, बिस्कुट चाउचाउका खोललगायतका फोहर यत्रतत्र देखिने गरेका थिए। "अब फोहरको उचित व्यवस्थापनमा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ, प्रमुख शेरचनले भन्नुभयो, "स्थानीयवासी सबै मिलेर पदमार्गमा पुगेका पर्यटकलाई बाटोमा फोहर फाल्न नदिने र डस्टबिनमा फाल्ने बानीलाई प्रोत्साहन गर्नसके फोहर व्यवस्थापनमा निक्कै सहज हुनेछ ।" उहाँका अनुसार डस्टबिन राख्नुअघि आयोजना कार्यालयले स्थानीय सरोकारवाला, आमा समूहलगायतसँग कार्यक्रमको प्रभावकारितालगायतको विषयमा छलफलसमेत गरेको थियो । स्थानीयवासी लक्ष्मी गुरुङले पदमार्गमा राखिएका डस्टबिनले पदयात्रामा आउने पर्यटकलाई पनि राम्रो सन्देश दिने बताउनुभयो । उहाँले भन्नुभयो, "पदमार्ग वरपर फोहरको समस्या बढ्दै गएको थियो । अहिले डस्टबिन राखिएपछि जथाभावी फोहर फाल्नुहुँदैन भन्ने परेको छ ।"

कार्यालयले स्थानीयवासीलाई फोहर व्यवस्थापन, पुनः प्रयोग र रिसाइकलको विषयमा अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको छ । मनास्लु पदमार्गमा एक वर्षमा १२ हजार भन्दाबढी विदेशी पर्यटक घुम्न पुग्ने गर्दछन् ।

# तनहुँको व्यास नगरपालिकाद्वारा १८ लाख बढी छात्रवृत्ति वितरण

पोखरापत्र संवाददाता
तनहुँ, ५ साउन

व्यास नगरपालिका कार्यालयले २०८१/८२ मा २०६ विद्यार्थीलाई रु १८ लाख ४८ हजार ५०० छात्रवृत्ति वितरण गरेको छ ।

कक्षा १२ भन्दा माथिका ३९ जना विद्यार्थीलाई रु ११ हजारका दरले र कक्षा ९ देखि १२ सम्मका १६७ जनालाई रु आठ हजार ५०० का दरले छात्रवृत्ति प्रदान गरेको हो । आर्थिक अवस्था नाजुक भएका गरिब तथा जेहेन्दार विद्यार्थीका लागि उच्च शिक्षा हासिल गर्न छात्रवृत्ति प्रदान गरेर पढ्ने वातावरण मिलाइदिएको नगरपालिकाले जनाएको छ ।

शिक्षाबाट कोही पनि वञ्चित हुन नपरोस् भनी नगरपालिकाले शिक्षा क्षेत्रमा बर्सेनि ठूलो रकम लगानी गर्दै आएको व्यासका प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरेको छ, शैक्षिक क्यालेन्डर निर्माण गरी सोही आधारमा विद्यालयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।" कक्षा ५ र ८ को परीक्षा सञ्चालन गरी शैक्षिक गुणस्तर मापन कार्य गरिएको नगरपालिकाले जनाएको छ ।

राष्ट्रिय शिक्षा दिवस २०८१ को अवसरमा उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षक, दीर्घ सेवारत शिक्षक, निवृत्त शिक्षक गरी ४९ र १२ उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत एवं सम्मान गरेको थियो ।

# व्यवस्थापन संकायमा स्नातकोत्तर अटो चालक द्वारिका

पोखरापत्र संवाददाता
लमजुङ, ५ साउन



व्यवस्थापन संकायमा स्नातकोत्तर गर्नुभएका यहाँको सुन्दरबजार नगरपालिका-९ का ५७ वर्षीय द्वारिका मिश्र अटो चलाउनुहुन्छ । राजनीति र समाजसेवा समेत गर्दै आउनुभएका उहाँले विगत दुई वर्षदेखि अटो चलाउन थाल्नुभएको हो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) सुन्दरबजार नगर कमिटी अध्यक्ष मिश्रले दैनिक खर्च कटाएर एक हजारदेखि एक हजार ५०० रुपैयाँसम्म कमाउने गरेको बताउनुभयो । "मलाई खानका लागि केही दुःख छैन तर पढेलेखेकाले अटो चालक बनेर स्वरोजगार बन्नुपर्छ, चालकहरुले यात्रुको मर्का बुझ्दैन । उहाँहरुलाई बुझाउन, श्रम विभाजन भयो भने घरमा झगडा हुन्छ तसर्थ श्रम गरियो भने त्यसले घरमा मेलमिलाप हुन्छ, आम्दानीको पाटो, समाजसेवा र राजनीतिमा टेवा पुग्ने उद्देश्यले अटो चलाउन थालेको हुँ", उहाँले भन्नुभयो ।

सुन्दरबजार र बैँसीसहरको रुटमा अटो चलाउने गरेको उहाँको भनाइ छ । बिहान ५/६ बजेदेखि राति ८/९ बजेसम्म अटो चलाउने र यसको अलवा पार्टीको काममा खटिने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "दैनिक सो समयमा अटो चलाउने गरे पनि आकस्मिक कसैले कतै पुऱ्याउन अनुरोध गरेमा राति १२/१ बजेपनि पुऱ्याउने गर्छु ।"

उहाँका एउटी छोरी अष्ट्रेलिया, अर्की छोरी बेलायत, एउटा छोरा पोखरामा शिक्षक र बुहारी बैंकमा कार्यरत छन् । घरमा आफू र श्रीमती मात्र रहेको उहाँले बताउनुभयो । त्यसो त सुन्दरबजार क्षेत्रमा समाजसेवा र राजनीतिमा द्वारिकाको छवि राम्रो छ ।

प्रष्ट वक्ता, सहयोगी भावना र लोकप्रियसमेत उहाँले राजनीतिको सुरुवात विसं २०३७ मा एमाले निकट भातृ सङ्गठन अनेरास्ववियुमा आबद्ध हुँदै सुरु गर्नुभएको थियो । विसं २०५२/५३ मा एमाले परित्याग गर्नुभयो । पछि नेपाली कांग्रेसमा आबद्ध हुँदै विसं २०६५/६६ तिर नगर सचिव, विसं २०७० मा वडा नागरिक मञ्च संयोजक, विसं २०७२ मा सुन्दरबजार नगर कमिटी सभापति हुनुभएको थियो । विसं २०७४ मा कांग्रेसबाट २०७४ को स्थानीय निर्वाचनमा मेयरको उम्मेद्वार बन्ने चाहना राख्नुभयो । पार्टीले टिकट नदिएपछि स्वतन्त्र उमेदवार बन्नुभयो । तर उहाँ पराजित हुनुभयो ।

उहाँलाई कांग्रेसले कारबाही गरेपछि उहाँ स्वतन्त्र रूपमा सङ्गठन बनाएर सुन्दरबजारमा उद्योग वाणिज्य सङ्घ, खानेपानी जस्ता सङ्घसंस्थाका निर्वाचनमा उहाँको समूह निर्णायक बन्यो । विसं २०७४ मा प्रतिनिधिसभा सदस्य निर्वाचनमा पनि मिश्रले स्वतन्त्र उम्मेदवारी दिनुभयो र पराजित हुनुभयो । विसं २०७९ को स्थानीय निर्वाचनमा मिश्रले पुनःसुन्दरबजारको उपमेयरमा स्वतन्त्र उम्मेदवारी दिनुभयो । तर विजयी हुन सक्नुभएन ।

त्यसपछि विसं २०७९ साउनमा १५० जनासहित मिश्र एमालेमा प्रवेश गर्नुभयो । सो पश्चात् नेकपा एमाले लमजुङको जिल्ला कमिटी सदस्य र सुन्दरबजार नगरको सहइन्चार्जको जिम्मेवारी प्राप्त गर्नुभयो । पछि नगर कमिटीको निर्वाचनबाट अध्यक्ष पदमा निर्वाचित हुनुभयो । सो यता नगर कमिटीको अध्यक्षको जिम्मेवारी सम्हाल्दै आउनुभएको छ । राजनीतिक र सामाजिक रूपमा उहाँको छवि एकातिर छँदैछ, अहिले सुन्दरबजारमा अटो चलाउन थालेर उहाँले कर्मशील हुनुपर्छ भन्ने सन्देश प्रवाह गर्नुभएको छ । बेरोजगार भएर पनि सानो तिनो काम नगर्ने बरू नराम्रै काम गरेर पैसा कमाउन खोज्नेहरूका लागि उहाँ उदाहरण बन्नुभएको छ ।

विसं २०४१ मा एसएलसी पास गर्नुभएका उहाँले विसं २०५६ मै काठमाडौँको सरस्वती क्याम्पसबाट 'एमविए' उत्तीर्ण गर्नुभएका उहाँले १७ वर्ष लमजुङका विभिन्न विद्यालयमा शिक्षण पेसा गर्नुभएको छ ।

# गोरखा दरबार सङ्ग्रहालय एक लाख २२ हजार पर्यटकद्वारा अवलोकन

पोखरापत्र संवाददाता
गोरखा, ५ साउन

गोरखा दरबार सङ्ग्रहालयमा एक वर्षमा एक लाख २२ हजार ७३३ पर्यटकले अवलोकन भ्रमण गरेका छन् ।

गत आर्थिक वर्ष २०८१/८२ मा आन्तरिक तथा बाह्य पर्यटकले सङ्ग्रहालयको अध्ययन तथा अवलोकन गरेको सङ्ग्रहालय प्रमुख जयनारायण कार्कीले जानकारी दिनुभयो । आव २०८०/८१ मा एक लाख १९ हजार १८७ जनाले सङ्ग्रहालयको अवलोकन गरेका थिए । उहाँले भन्नुभयो, "पछिल्लो तथ्याङ्क हेर्दा सङ्ग्रहालयको अवलोकन गर्न आउने पर्यटकको सङ्ख्या बर्सेनि बढ्दै गएको छ ।" गएको एक बर्षमा सङ्ग्रहालय घुम्न आउनेहरुमा ८४ हजार २५७ आन्तरिक पर्यटक छन् । सोही अवधिमा ३६ हजार २९८ विद्यार्थी शैक्षिक भ्रमणका क्रममा सङ्ग्रहालय घुमेर फर्किएका छन् भने सार्क राष्ट्रका १७५ र तेस्रो मुलुकहरुबाट आएका दुई हजार तीन जना विदेशी पर्यटकले सङ्ग्रहालयको अवलोकन भ्रमण गरेका छन् । उहाँका अनुसार सङ्ग्रहालयका खुला गरिएदेखि हालसम्मको तथ्याङ्कमा यसपटक सबैभन्दा धेरै पर्यटकले गोरखा दरबार सङ्ग्रहालयको अवलोकन गरेका हुन् । विसं २०६५ मा सङ्ग्रहालय सर्वसाधारण र पर्यटकका लागि खुला गरिएको थियो । सङ्ग्रहालय घुम्न आउने पर्यटकले नेपाल एकीकरणका अभियन्ता तत्कालीन राजा पृथ्वीनारायण शाहको ४४ हात लामो चिना, नेपाल एकीकरणका बेला प्रयोग भएका हातहतियार, भाँडावर्तन, विभिन्न जातजातिको पहिचान झल्कने भेषभूषा, बाजागाजाहरु हेर्न पाउनेछन् । करिब ६८ रोपनी क्षेत्रफलमा फैलिएको सङ्ग्रहालय नेपाल एकीकरणको सम्पूर्ण इतिहास अध्ययन गर्न सकिने थलोका रुपमा चिनिन्छ । परम्परागत पहिचान बोकेको वास्तुशैलीमा बनेको दरबार बाहिरबाट हेर्दा आर्कषक देखिन्छ । सङ्ग्रहालयभित्रका शाहवंशको वंशावली कक्ष, दिव्य उपदेश कक्ष, तेलचित्र कक्षलगायतका विभिन्न १२ वटा प्रर्दशनी कक्षमा घण्टौँसम्म पर्यटकहरु भुल्ने गर्दछन् ।


# ऋण भुक्तानी गर्न आउने बारेको ७ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति २०८२/०४/०६)**

तपसीलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट व्यक्तिगत कर्जा शीर्षक अर्न्तगत लिनुभएको ऋण कर्जाको समय समयमा बुझाउनुपर्ने साँवा-व्याज रकम नबुझाई यस संस्थासँग गरेको सम्झौता बमोजिमका शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएकाले संस्थाले कर्जा भुक्तानी गर्नका लागि ऋणी तथा व्यक्तिगत धनजमानी कर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदिनुभएकोले तपाईहरु तपसीलमा उल्लेखित ऋणी, धितो जमानीकर्ता एवम् व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारे यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा सम्पर्क राखी आँफूले तिर्न बुझाउन बाँकी रहेको साँवा-व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनु हुन यसै सूचनाबाट सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पत्ति) घर जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गण्डकी प्रदेश सहकारी ऐन, २०७५, गण्डकी प्रदेश सहकारी नियमावली, २०७६, प्रचलित सहकारी मापदण्ड, नीति नियम तथा प्रचलित कानुनको प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले असुल उपर गरी लिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ। कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरिलिइने छ ।

| ऋणीको नाम थर ठेगाना | जमानी बसेको नाम, थर ठेगाना | धितो सुरक्षण विवरण |
| --- | --- | --- |
| **नाम : बसन्ती कुमारी परियार कौशल**<br>पतिको नामः कुमार कौशल<br>ससुराको नामः सीताराम कौशल<br>स्थायी ठेगानाः भरतपुर म.न.पा.०९, चितवन<br>हालको ठेगानाः पोखरा म.न.पा.०६, कास्की<br>ना.प्र.नं.ः ६१८७, चितवन,<br>जारी मितिः २०४८।०६।२३ | **नामः कुमार कौशल**<br>बाबुः सिताराम कौशल<br>बाजेः मान बहादुर कौशल<br>स्थायी ठेगानाः गर्दी गा.वि.स. ०८, चितवन<br>हालको ठेगानाः पोखरा म.न.पा.०६, कास्की | **बसन्ती कुमारी परियार कौशल**को नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी दर्ता प्रमाण पूर्जा कायम रहेको पो.म.न.पा.-०६, लेकसाइड स्थित नक्सा सिट नं. ०९३० ९१७२४ कि.न.१९१ कुल क्षेत्रफल १५८ । ९५ व.मि.मा बनेको घर समेत । |
| **नाम : गणेश अधिकारी**<br>बाबुको नाम : होम नाथ अधिकारी<br>बाजेको नाम : गुरु प्रसाद अधिकारी<br>स्थायी ठेगानाः पो.म.न.पा.२६, कास्की<br>हालको ठेगाना : पो.म.न.पा.२६, कास्की<br>ना.प्र.नं. : ४६१००२/७२७१, कास्की<br>जारी मिति : २०६९।०१।२२ | **नाम : होमनाथ अधिकारी**<br>बाबु : गुरु प्रसाद अधिकारी<br>बाजे : मनोरथ अधिकारी<br>स्थायी ठेगानाः राखी गा.वि.स.०५, कास्की<br>हालको ठेगानाः पो.म.न.पा.२६, कास्की | **गणेश अधिकारी**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा जग्गाधनी दर्ता प्रमाण पूर्जा कायम रहेको मिजुरेडाडा- ७, स्थित नक्सा सिट नं. ०९४०८५६ कि.न.३१ को कुल क्षेत्रफल १-१०-३-० (८५०।४९, व.मि) को जग्गा । |

**नोटः** यस संस्थाबाट ऋण लिई ऋणको साँवा ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुलाई समेत यसै सूचनालाई आधार मानी भाखा नाघेको साँवा, ब्याज बुझाई ऋण नियमित गर्नु गराउनु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ । अन्यथा यसै बमोजिम ऋणी, धितो जमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरी संस्थाले असूल उपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ ।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं. : ०६१-५८०७९६, ५४४७९५**